# अवधारणा पत्रः सहस्राब्दीमा सम्मानित र समृद्ध मगर समाजको लागि सांस्कृतिक रुपान्तरण

केशर जङ्ग बरालमगर

## १. यो अवधारणा पत्र किन लेखिएको हो ?

मगर अध्ययन केन्द्रको वार्षिक दिवसको उपलक्षमा मगर सम्बन्धि विचारमूलक अवधारणा पत्र प्रस्तुत गर्नको लागि अध्ययन केन्द्रका अध्यक्ष डा. गोविन्द प्रसाद थापाज्यूसँग भएको कुराकानी अनुसार यो अवधारणा पत्र तयार गरिएको हो । यो अवधारणा पत्र सर्वसाधारण मगरवन्धूहरु र नेपाल मगर सँघका विभिन्न तहका सँगठनहरु र यसका भातृसँगठनहरुमा कार्यरत कार्यकर्ता र नेतृत्व वर्गलाई लक्षित गरी तयार गरिएकोले सबैले बुझ्न सक्ने सरल भाषामा तयार गरिएको छ । तसर्थ  मगर अध्ययन केन्द्रले यो अवधारणा पत्रलाई व्यापक रुपमा वितरण गरी नेपाल मगर सँघका विभिन्न तहका सँगठनका नेतृत्व वर्ग, यसका भातृसँगठनका नेतृत्व वर्ग र कार्यकर्ताहरुको विचमा सहस्राब्दीमा सम्मानित र समृद्ध मगर समाजको निर्माणको लागि सांस्कृतिक रुपान्तरण व्यवस्थापकिय दृष्टिकोणले कसरी गर्न सकिन्छ त्यस सम्बन्धमा जानकारी लिन र दिन महत्वपूर्ण सहयोग गर्नेछ भन्ने आसा राखिएकोछ ।

## २. यो अवधारणा पत्र कसरी लेखियो ?

यो अवधारणा पत्र अनुसन्धानमूलक नभई विचारमूलक र मगरहरुमा भएको विसँगति र विकृतिलाई हटाउनको लागि आवश्यक सांस्कृतिक रुपान्तरणको व्यवस्थापनमा केन्द्रित छ । त्यसैले यो अवधारणा पत्र मैले मगर समाजमा मेरो युवाकालमा गरेको सामाजिक सुधारका कार्यहरुबाट प्राप्त अनुभव, नेपाल मगर सँघका विभिन्न तहका सँगठन र यसका भातृ सँगठनहरुको आजसम्मको कार्यक्रम र क्रियाकलावहरुको अवलोकन, र मगर समाजमा आफु हुकिँदा र खेल्दाको अनुभव, जेष्ठ मगर नागरिकहरुबाट पाएको ज्ञान र उपलब्ध साहित्यको आधारमा यो अवधारणा पत्र तयार गरिएको छ । सांस्कृतिक परिवर्तन सम्बन्धि सामाग्रीहरु व्यवस्थापन सम्बन्धि साहित्यबाट लिइएको छ भने मगरहरुका सांस्कृतिक सम्बन्धि सूचना स्वयम मेरो आफ्नो अध्ययनमा आधारित छ ।

३.   **के के मान्यतामा यो अवधारणा पत्र आधारित छ ?**

यो अवधारणा पत्र निम्न मान्यतामा आधारित छ :

३.१   हाम्रो विकास मूलत देशको राजनैतिक व्यवस्थामा भर पर्दछ तापनि राजनैतिक चेतना, शैक्षिक विकास, सांस्कृतिक जागरण र रुपान्तरण विना राजनैतिक आधारमा मात्र हाम्रो समाज सम्मानित र समृद्ध हुन सक्दैन ।

३.२   ने.म.सँ. र यसका भातृ सँगठनहरु देशको बैधानिक सत्ताको खाका भित्र रही मगरहरुका समग्र विकास र हितको लागि र मगरहरुका सम्मानित जिवन र समृद्ध भविष्यको लागि कार्यरत र सँघर्षरत हुनेछन् ।

३.३   नेपाल मगर सँघसँग आबद्ध विभिन्न औपचारिक सँठनहरु र यससँग अप्रत्यक्ष रुपमा आबद्ध सामाजिक सँगठनहरु नै सांस्कृतिक रुपान्तरणका माध्यम हुन् ।

४.   **संस्कृति भनेको के हो ?**

संस्कृति भनेको मानिसको अभिन्न अङ्ग हो । यो भनेको मानिसले दैनिक गर्ने कार्यको प्रक्रिया तथा त्यो कार्य प्रक्रियामा प्रयोग हुने भौतिक वस्तु हो । हाम्रो दैनिक कार्य हाम्रो विश्वास, ज्ञान, मूल्य र मान्यतामा निर्भर गर्दछ । यी दैनिक कार्य सम्पन्न गर्नको लागि हामीले विभिन्न प्रकारका भौतिक वस्तुहरुको प्रयोग गर्दछौं । जस्तो खेतीपाती गर्नु हाम्रो दैनिक कार्य हो । खेतिपाती गर्ने प्रक्रिया हाम्रो ज्ञान, विश्वास, मूल्य र मान्यतामा आधारित छ । खेती लगाउदा हामीले गोरु नै जोत्छौ तर गाई जोत्दैनौं । खेतमा काम गर्ने मानिसलाई हामीले जाँड रक्सी नास्ताको रुपमा दिन्छौं तर ब्राह्मण र क्षेत्रीहरुले त काम गर्ने मानिसलाई यसो गर्दैनन् । त्यसैले संस्कृतिलाई हामी दुई भाग–भौतिक संस्कृति र अभौतिक संस्कृति (Material and non-material culture),मा बर्गीकरण गर्दछौं । उदाहरणको लागि जाँड, रक्सी र गोरु भौतिक संस्कृतिको अभिन्न अङ्ग हो भने खेती गर्ने प्रक्रिया र गोरु नै जोत्नु पर्ने अभौतिक संस्कृतिको अभिन्न अङ्ग हो । त्यसैले हरेक संस्कृतिको कार्य हुन्छ र त्यही कार्य गर्ने प्रक्रिया विभिन्न समूह र भौगोलिक स्थानमा अलग अलग हुन सक्दछ । यसको साथसाथै यो परिवर्तनशिल र गतिशिल हुन्छ भन्ने कुरा हामीले बिर्सनु हुदैन । संस्कृति मानिसले पैत्रिक रुपमा भन्दा पनि वातावरण अनुसार सिक्ने गर्दछ । एउटै संस्कृतिमा आबद्ध समाजका हरेक सदस्यहरुले समाजको मूल्य र मान्यता अनुसार व्यवहार गर्ने गर्दछन् । विभिन्न स्थानमा अलग अलग संस्कृति हुने भएकोले समाजको मूल्य र मान्यता पनि फरक फरक हुन्छ ।

## ५. मगराँती संस्कृति भनेको के हो त ?

नेपाल मगर सँघले मगरहरुको मौलिक संस्कृतिलाई सँरक्षण गर्नु पर्दछ, यसको प्रबर्द्धन गर्नु पर्दछ र यसको सुधार गर्नु पर्दछ भनिराखेको छ । तर हामीले मगराँती संस्कृति भनेको के हो ? मगर सँघले के भनिराखेको छ त्यो कुरो बुझ्न सकेका छैनौं । त्यसैले अब म मगराँती संस्कृतिको अवधारणा प्रस्तुत गर्न चाहान्छु । मगराँती संस्कृति भनेको सबै मगरहरुको दैनिक कार्यको प्रक्रिया तथा सो कार्य प्रक्रियामा प्रयोग हुने भौतिक वस्तु हो । मगराँती संस्कृतिको यो कार्यगत परिभाषा अनुसार मगराँती संस्कृति भित्र मगराँती भाषा, कला, साहित्य, इतिहाँस, विश्वास, मूल्य र मान्यता, खानपान, नाचगान, परम्परागत शिप, ज्ञान, विज्ञान, चाँडपर्व, रिती र थिति पर्दछ ।

## ६. सांस्कृतिक रुपान्तरण भनेको के हो ?

संस्कृति र मगराँती संस्कृतिको अवधारणा पछि म सांस्कृतिक रुपान्तरण भनेको के हो त्यस सम्बन्धि अवधारणा राख्न चाहान्छु । रुपान्तरण भनेको कुनै वस्तुको एक रुपबाट अर्को रुपमा र एक अवस्थाबाट अर्को अवस्थामा गरिने परिवर्तन हो । त्यसैले सांस्कृतिक रुपान्तरण भनेको कुनै पनि जाति वा समूहको संस्कृतिमा सकारात्मक परिवर्तन ल्याउनु हो । यस अवधारणा पत्रमा सांस्कृतिक रुपान्तरणले मगराँती संस्कृतिको सकारात्मक परिवर्तनलाई जनाउछ । सांस्कृतिक परिवर्तन नकारात्मक पनि हुन सक्दछ र सकारात्मक पनि हुन सक्दछ । नकारात्मक परिवर्तनले विकासलाई सघाउदैन । यसले मगर समाजको विकासलाई नकारात्मक प्रभाव पार्दछ । यसले समाजलाई प्रतिगमन तिर लैजान्छ । त्यसैले हाम्रो संस्कृतिमा आएको यस्तो परिवर्तनलाई यस अवधारणा पत्रमा सांस्कृतिक रुपान्तरण भनिएको छैन । कसैले यसलाई सांस्कृतिक क्रान्ति पनि भन्न सक्दछ । यदि क्रान्तिलाई परिवतनको दृष्टिले हेर्ने हो भने सांस्कृतिक रुपान्तरण पनि एक किसिम्को क्रान्ति नै हो । तर यस अवधारणा पत्रले रोजेको सांस्कृतिक परिवर्तन भनेको राजनैतिक शक्तिबाट ल्याएको परिवर्तन नभई मगरहरुलाई शसक्त गराई मगरहरुको पहिचान कायम गर्दै सहस्राब्दीमा सम्मानित र समृद्ध मगर समाजको निर्माण उनमूख मगराँती संस्कृतिमा ल्याइने परिवर्तन हो ।

## ५. सांस्कृतिक रुपान्तरण किन ?

जनजातिहरु आर्थिक, राजनैतिक, शैक्षिक र सामाजिक रुपमा पिछडिएका कारण विभिन्न व्यक्तिको दृष्टिकोणमा विभिन्न हुन सक्दछ । जनजाति नेताहरुलाई सोध्ने हो भने निश्चित रुपमा जनजातिहरु पिछडिएका मूलकारण सामन्ती राज्यसत्ता हो भन्न पछि पर्दैनन् । त्यस्तै गरी गैरहिन्दू

व्यक्तित्वहरुले कर्मकाण्डमा आधारित हिन्दूविचारधारा नै जनजाति, महिला र दलितहरु पिछडिएका तर्क अगाडि सारेको पाइन्छ । मेरो दृष्टिकोणमा जनजातिहरुका विकासको लागि निश्चित रुपमा राज्यसत्ता प्रतिकूल हुनुहुदैन र राज्यले जनजातिहरुका विकासको लागि अनुकूल परिवेश दिनको साथसाथै यसले जनजातिहरुलाई हरेक क्षेत्रमा विशेष गरेर राजनैतिक क्षेत्रमा सहभागि हुन सक्ने किसिमको राजनैतिक सँरचनाको तय गर्नुपर्दछ । यसको साथसाथै राज्यले वैंधानिक रुपमा नै जनजातिप्रति साम्प्रदायिक नीति अपनाउनु हुदैन । यी कुरामा म पनि सहमत छु । तर राजनैतिक आधारहरु जस्तो समावेशिय प्रजातन्त्र, राज्यको विभिन्न क्षेत्रको लागि आरक्षण, धर्मनिरपेक्ष, मातृभाषा र संस्कृतिको विकास र संरक्षण मात्र जनजातिको विकासको लागि प्रर्याप्त होइनन् । आर्को शब्दमा भन्दा हामी राजनैतिक र धार्मिक कारणको साथसाथै हामी आफनै कारणले गर्दा पनि हरेक क्षेत्रमा पछाडि परेकाछौं ।

हाम्रो संस्कृतिको प्रभाव  हाम्रो जनजिवनमा सकारात्मक र नकारात्मक दुवै प्रकारका छन् । जस्तो मनोरञ्जनको साधनको रुपमा लिइने नाचगानले हामीलाई र अरुलाई मनोरञ्जन दिने काम त गरेको छ । तर हाम्रा युवापिढीहरु यसमा बढी भूलेर समय, धन र स्वस्थ्यको वरवाद गरिराखेकाछन् । यसले गर्दा हामी शैक्षिक रुपमा पछि परेका पनि छौं (हुन त यो मात्र कारण होइन) । त्यस्तै गरी कैयौं हाम्रा परम्परा र सँस्कार भड्किला र खर्चिला छन् । यसले गर्दा हाम्रो स्रोत उत्पादनशिल कामबाट बिमूख भई अनुत्पादनशिल कामको लागि प्रयोग भैरहेको छ । त्यस्तै गरी हाम्रा कैयौं परम्परा र सँस्कार अवैज्ञानिक भएकोले यसले हाम्रो शारिरिक र मानसिक विकासमा नकारात्मक प्रभाव पारेको छ । यस्ता किसिमका नकारात्मक प्रभावले गर्दा पनि हामी पछि  पर्न सक्छौं ।

माथि उल्लेख गरिए जस्तै संस्कृतिले हाम्रो दैनिक क्रियाकलापको भौतिक पक्षलाई पनि समेट्दछ । हाम्रा संस्कृतिका भौतिक पक्ष पनि बढी अवैज्ञानिक र समय अनुसार परिवर्तन हुन सकेको छैन । यसले गर्दा हाम्रा दैनिक क्रियाकलापहरुको उत्पादक्त्व ज्यादै कम  छ । हाम्रो परमपरागत आहारविहारको कारणले गर्दा हाम्रा वालवालिकाहरु शिक्षा देखि विमूख हुनु परेको धेरै उदाहरणहरु छन् । हामी मगरहरु छोराछोरी, दाजूभाई दिदीबहिनीहरुको  पढाइलाई पैसा खर्च गर्न अनकनाउछौं । तर जाँड रक्सीमा भने मन फुकाएर खर्च गर्ने गर्दछौं  । त्यही जाँड रक्सीको वातावरणमा हुर्केका कमै  वच्चाहरुको  मात्र शैक्षिक प्रगति भएको पाइन्छ । यसरी हाम्रा कैयौं संस्कृतिले हाम्रो जिवनमा नकारात्मक प्रभाव पारिराखेको छ । त्यसैले यी कुराहरुबाट हामी वच्न र वचाउनको लागि पनि सांस्कृतिक रुपान्तरणको आवश्यक छ ।

मगरहरु सांस्कृतिक रुपमा ज्यादै धनी भएतापनि सर्वप्रथम त हामी मानसिक रुपमा ज्यादै गरिव छौं । यसको साथसाथै आर्थिक रुपमा पनि हामी गरिवै छौं । आर्थिक रुपमा धनी भएतापनि धेरै जसो अवस्थामा मानसिक दरिन्द्रताको कारणले गर्दा हामीसँग भएको स्रोत र साधनको सही तरिकाले उपयोग गर्न सकेका छैनौं । यसैले गर्दा हामीले आफनै देशमा सम्मानित जिवन विताउन सकेकाछैनौं । यसको साथसाथै हाम्रो विदेशिने प्रबृतिले गर्दा पनि हामी जहिले पनि आफनै देशमा मुगलाने वन्नु परेको छ । हामीमा भएको यी संस्कृतिको रुपान्तरण विना मगर समाज सम्मानित र समृद्ध हुन सक्दैन ।

त्यस्तै गरी सहस्राब्दीका विकासका लक्षहरु–अति गरीबी तथा भोक उन्मूलन, विश्वव्यापी रुपमा प्राथमिक शिक्षा प्राप्ति, लैङ्गिक समानता प्रवर्द्धन तथा महिला सशक्तिकरण, बालमृत्यू दर न्यूनीकरण, मातृस्वास्थ्य सुधार, एचआइभी/एड्स, औलो तथा अन्य रोगसँग सङ्गघर्ष, र वातावरणीय दिगोपनाका सुनिश्चितता–अनुसार मगर समाजलाई अगाडि बढाउन पनि सर्वप्रथमत हाम्रो दैनिक व्यवहार र क्रियाकलापमा परिपवर्तन आउनु पर्दछ । यसको लागि पनि सर्वप्रथम त सांस्कृतिक रुपान्तरणको आवश्यक पर्दछ ।

## ७. सांस्कृतिक रुपान्तरण कसरी गर्ने ?

सांस्कृतिक रुपान्तरणको लागि सर्वप्रथम त साङ्गठानिक संस्कृति (Organizational Culture) मा रुपान्तरण आउनु पर्दछ । यस अवधारणा पत्रमा सँगठन भन्नाले नेपाल मगर सँघको विभिन्न तहका सँगठनहरु–केन्द्रिय समिति, जिल्ला समिति र प्रारम्भिक समिति, र यससँग आबद्ध विभिन्न भातृ सँगठनहरु–नेपाल मगर विद्यार्थी सँघ, नेपाल मगर महिला सँघ, नेपाल मगर यूवा सँघ, नेपाल मगर सँघ केन्द्रिय समितिको आनाकानीमा परेर गर्भमै रहेको नेपाल मगर बुद्धिजिवी सँघ, नेपाल मगर भूतपूवर्क सैनिक सँघ, र हरेक मगर गाँउहरुमा रहेको अनौपचारिक सामाजिक सँगठनहरु–परिवार, खलक, र भेजालाई भनिएको छ । माथि उल्लेख गरिए अनुसार संस्कृति भनेको मानिसले दैनिक गर्ने कार्यको प्रक्रिया तथा त्यो कार्य प्रक्रियामा प्रयोग हुने भौतिक वस्तु हो । त्यसैले साङ्गठानिक संस्कृति भनेको माथि उल्लेखित नेपाल मगर सँघ र यससँग आबद्ध औपचारिक र अनौपचारिक सामाजिक सँगठनहरुले गर्ने कार्य प्रक्रिया र त्यो कार्य प्रक्रियामा प्रयोग हुने भौतिक वस्तु हो । सँगठनहरुको संस्कृतिलाई निम्न प्रक्रियाबाट रुपान्तरण गर्न सकिन्छ ।

## ७.१. विभिन्न सँगठनको संस्कृतिको पहिचान गर्ने

कुनै पनि सँगठनको उपलब्धि–चाहे त्यो औपचारकि होस या अनौपचारिक होस–त्यो सँगठनको वनौटमा भर पर्दछ । त्यसमा पनि समस्त सँगठनको आधारशिलाको रुपमा रहेको अनौपचारिक सँगठनमा भर पर्दछ । औपचारिक सँगठनले भन्दा पनि अनौपचारिक सँगठनले सँगठनको लक्ष प्राप्त गर्न ठूलो भूमिका खेलेको हुन्छ । आर्को शब्दमा भन्दा अनौपचारिक सँगठनको उपलब्धिमा नै औपचारिक सँगठनको उपलब्धि निर्भर गर्दछ । त्यसैले साङ्गठानिक सांस्कृतिक रुपान्तरणको लागि सर्वप्रथमतः अनौपचारिक सँगठनको संस्कृतिमा रुपान्तरण आउनु पर्दछ । यसको लागि विभिन्न अनौपचारिक सँगठनका सदस्यहरुको ठूलो भूमिका हुन्छ । त्यसैले सांस्कृतिक रुपान्तरणको लागि सर्वप्रथमतः ती अनौपचारकि सँगठनहरुको संस्कृतिको पहिचान गर्नुपर्दछ ।

### ७.१.१ मगरपरिवारको संस्कृति

सामान्यतया नेपालका मगर परिवार र परिवारका सदस्याहरुमा निम्न संस्कृति भएको पाइन्छः

१. परिवारका सदस्यहरुमा र परिवारमा बढी मात्रामा जाँडरक्सी र धुम्रपानको प्रचलन ।

२. चाँडपर्व, जात्रा, विवाह, मर्दा पर्दा र अन्य कार्यमा आफनो औकात भन्दा बढी खर्च गर्ने ।

३. परिवार, परिवारका सदस्यहरु र नातागोताले शिक्षालाई भन्दा पैसालाई बढी प्राथमिक्ता (महत्व) दिने । यसको कारणले मगर युवापिढीमा विदेशिने प्रथा बढ्दै गएको र देशै भित्र मुगलाने बन्नु परेको ।

४. युवापिढीमा शिक्षामा भन्दा बढी मात्रमा मनोरञ्न र मोजमस्ती गर्ने वानी भएको र यसको कारणले अधिकाँश गाँउका युवाहरुले शिक्षा हाँशिल गर्ने उमेरमै विवाह गर्ने गरेकोले अरुको तुलनामा मगर युवाहरु शिक्षामा कम लगनशिल भएको ।

५. परिवारका सदस्यहरु शिक्षामा ज्यादै पछि परेकोले अधिकाँश मगर परिवारहरुले आफ्नो क्रियाकलापमा कुनै किसिमको नयाँ सोच र परिवर्तन ल्याउन नसकेकोले आफनो दैनिक कार्यको भौतिक पक्ष र प्रविधि परम्परागत भएको ।

६. अधिकाँश कलिला युवाहरुमा पढ्ने भनेको जागिर खाने हो र पढेर जागिर पाइदैन भन्ने भावना भएकोले शिक्षामा नैराश्य भएको ।

### ७.१.२ खलक र भेजाको संस्कृति

विशेष गरेर पाल्पा, तनहुँ र नवलपरासीको पहाडी भेकमा भेजाप्रथाको प्रचलन पाइन्छ । परम्परागत रुपमा मगरहरुको सामाजिक व्यवहार भेजाले नियन्त्रण गर्ने गरेको पाइन्छ । भेजाको

साथसाथै सांस्कृतिक रुपान्तरणमा खलकको निणर्यले पनि बढी महत्वपूर्ण भूमिका खेल्दछ । सामान्यतया भेजा र खलकको निम्नप्रकारको संस्कृति भएको पाइन्छः

१. आफ्नो खलकको महत्वपूर्ण क्रियाकलापहरुको निर्णय लिने गरेको । तर निर्णय लिने प्रक्रिया परम्परागत नै भएको ।

२. खलकहरुको क्रियाकलापमा पनि माथि उल्लेखित परिवारिक संस्कृतिले प्रभाव पारेको ।

३. भेजा प्रथा ज्यादै वलियो निणर्य गर्ने सँस्था भएतापनि यसको नेतृत्वमा परम्परावादी सँस्कार भएकै व्यक्तिहरु भएकोले र यसको निर्णय भेजाभित्रको घरमूलीहरुले वनेकोले पारिवारिक संस्कृतिको प्रतिविम्वित भएको ।

४. भेजाको नेतृत्वमा परम्परागत सौँच नै कायम भएकोले समाजमा कुनै नयाँ परिवर्तन नल्याई परम्परागत शिप र प्रविधिको प्रयोग भएको ।

**७.१.३ नेपाल मगर सँघको र यससँग आवद्ध सँस्थाहरुको संस्कृति**

१. शहरी इलाकामा र हुँदाखाँदा मगरहरुको विचमा मात्र कार्यक्रम सिमित ।

२. सँगठनले दिर्धकालिन, मध्यमकालिन र अल्पकालिन योजना विना कार्यक्रमहरु असमायोजित ढँगले सँचालन गरेको ।

३. आजसम्मको कार्यक्रम र मगरसँगठनको कार्यक्रम मगर जनसँख्याको आधारमा केन्द्रित नभई जिल्लाको आधारमा मात्र सँगठनको विस्तार गरी सतही रुपमा मात्र भाषा, संस्कृति र धर्म सम्बन्धि जनचेतना कार्यक्रमहरु शहरी इलाकामा मात्र केन्द्रित भएको ।

४. जुन मगरहरुकहाँ नेपाल मगर सँघ पुग्नु पर्ने हो त्यहाँ नपुगी नेपाल मगर सँघ शहरी इलाका मगरहरुको विचमा ल्कबको रुपमा मात्र रहेको र यो ठोस रुपमा मगर समाजको भित्रसम्म पुग्न नसकेको ।

५. नेपाल मगर सँघले समाजिक सुधारका कुराहरुमा भन्दा बढी मात्रामा पुरातनशैलीको संस्कृतिमा र ब्राह्मणवादको विरोधमा मात्र बढी केन्द्रित भएको ।

६. मगर सँघका कार्यकर्ता र नेतृत्व वर्ग काममा भन्दा कुरा र भाषणमा मात्र सिमित भएको ।

७. समय र कार्यक्रमको उद्देश्यको ख्याल गर्ने नगरिएको ।

८. धेरै जसो प्रारिम्भक समिति र जिल्लामा भूतपूर्वक सैनिक र उनीहरुको परिवारको सक्रियता भएको तर शिक्षित र निजामति कर्मचारीहरुको सक्रियता कम भएको ।

## ७.२ सँगठनको संस्कृतिको विश्लेषण गर्ने

हरेक संस्कृतिको कार्य हुन्छ । त्यसैले संस्कृतिको रुपान्तरणको शिलशिलामा संस्कृतिको पहिचान पछि त्यस्को कार्यको विश्लेषण वैज्ञानिक रुपमा गर्नुपर्दछ र त्यही कार्य अर्को प्रक्रिया अपनाएर गर्नसकिन्छ । संस्कृति भनेको हामी आफैले निश्चित कार्यशिद्धिको लाािग अपनाएका कार्यप्रक्रिया हो । यो कुनै दैवी शक्तिको देन र खेल चाही होइन । आर्को शब्दमा भन्दा संस्कृति हामी आफैले वनाएका हौं । जस्तो पविारको संस्कृति परिवारका सदस्यहरु र खलकका संस्कृति खलकका भाईहरुले वनाएका हुन  । उदारहणको लागि बिवाह सँस्कारका कार्य भनेको पुरुष र महिलालाई लोग्ने र स्वास्नीको मान्यता दिनु हो । अझ यसलाई यसको कामको आधारमा भन्ने हो भने महिला र पुरुषको विचमा शारिरिक सँम्बन्धलाई मान्यता दिनु हो । यो मान्यता दिने प्रक्रिया विभिन्न समाजमा विभिन्न किसिमले विकसित हुदै गयो । त्यसैले हामीले वनाएको हाम्रा संस्कृतिको विश्लेषण गरी यसको काम, यसका सकारात्मक र नकारात्मक प्रभावलाई वैज्ञानिक रुपमा विश्लेषण गरी समाजको अगाडि राख्नुपर्दछ ।

## ७.३ नेपाल मगर सँघको परिकल्पनाको विश्लेषण

मैले भन्दै आएकोछु कि नेपाल मगर सँघको र यसका भातृ सँगठन र विभिन्न अनौपचारिक सँगठनहरुको परिकल्पना *सहस्राब्दीमा सम्मानित र समृद्ध मगर समाज*  हुनु पर्दछ । यो परिकल्पनालाई साकार वनाउनको लागि सर्वप्रथमतः परिवारका सदस्यहरु र परिवारले, र अन्तमा औपचारिक सँगठनले आफनो दायित्व निर्वाह गर्नुपर्दछ । सर्वप्रथमतः यस परिकल्पना प्रति नेपाल मगर सँघ र यसका भातृसँगठनहरुले हरेक परिवार र परिवारका सदस्यहरुलाई सन्देश पुऱ्याउनु पर्दछ । सन्देश पुऱ्याएर मात्र हुदैन परिवारका सदस्यहरु र परिवारको, खलक र भेजा भित्रको संस्कृतिले यो परिकल्पना साकार पार्नको लागि के कस्तो सहयोग पुऱ्याएको छ त्यस सम्बन्धि विश्लेषण गर्नुपर्दछ । यसको साथसाथै नेपाल मगर सँघले भेजा, खलक र परिवारका मुलीहरुलाई र भेजा, परिवार र खलकका मुलीहरुले आफ्ना सदस्यहरुलाई नेपाल मगर सँघको परिकल्पनालाई साकार वनाउनलाई  प्रेणा जगाउनु पर्दछ । यसको साथसाथै हामीले राखेको परिकल्पनालाई प्रतिकूल असर पार्ने खालका हाम्रो संस्कृतिलाई परिवर्तन गर्नुपर्दछ । यसको लागि शैक्षिक, राजनैतिक र सामाजिक जनचेतना जगाउदै जानुपर्दछ । साङ्गठानिक परिकल्पनालाई साकार  पार्नको लागि हरेक मगर, मगर परिवार, खलक, भेजा र नेपाल मगर सँघ र यसका भातृ सँगठन्हरुले के गर्नु पर्दछ भन्ने कुरामा स्पष्ट हुनुपर्दछ ।

## ७.४ नेपाल मगर सँघको परिकल्पना सँग प्रतिकूल पर्ने खालका संस्कृतिको निशेध गर्ने

माथि उल्लेख गरे अनुसार नेपाल मगर सँघको परिकलपनालाई साकार पार्न सवै मगरहरुले चाहान्छन् । तर समस्या भनेको कसरी साकार पार्न सकिन्छ भन्ने हो । परिवार, खलक, भेजाको र नेपाल मगर सँघको माथि उल्लेखित संस्कृतिले हाम्रो परिकल्पनालाई साकार पार्नलाई कसरी नकारात्मक प्रभाव पारेको छ, यी संस्कृति हामी आफैले वनाएका हौं, यसको कारण र कार्यको ज्ञान सबै मगरहरुलाई दिनु पर्दछ । त्यसपछि यस्ता प्रतिकूल खालका संस्कृतिलाई परिवारको मुली, खलकको मूली, त्यस्तै गरी भेजाका नेतृत्व वर्ग र नेपाल मगर सँघको प्रारम्भिक समिति भएको अवस्थामा यसका कार्यकर्ताहरुलाई परिचालन गरी क्रमशः निशेध गर्दै जानु पर्दछ ।

## ७.५ तथ्य र तर्कमा आधारित समाजले पचाउन सक्ने विकल्प

कैयौ संस्कृति जसले हाम्रो परिकल्पना–**सहस्राब्दीमा सम्मानित र समृद्ध मगर समाज**, लाई साकार पार्नको लागि बाधकको रुपमा भूमिका खेलेको हुन्छ त्यसलाई सुधारे मात्र हुन्छ । तर कैयौं संस्कृतिलाई रुपान्तरण गर्नको लागि समाजलाई विकल्प दिनु पर्ने हुन्छ । त्यसैले विकल्प दिदा संस्कृतिको कार्यको विकल्प नदिई त्यो कार्य गर्ने प्रक्रियाको विकल्प तथ्यमा आधारित र तर्कपूर्ण दिनु पर्दछ । राजनैतिक पूर्वाग्रह वा कुनै समूदाय प्रति पूर्वाग्रह राखेर दिएको विकल्प समाजले स्विकार्न गाह्रो हुन्छ । विकल्प दिदा आफनो समाजको भन्दा परको विकल्प पनि दिनु हुदैन । विकल्पलाई स्विकार्न पुरानो पिढी, अशिक्षित र महिलाहरुलाई गाह्रो हुनेहुनाले विकल्प मगरहरुको आधारभूत संस्कृतिमा आधारित हुनु पर्दछ । उदाहरणको लागि हामीले कर्मकाण्डलाई लिन सक्छौं । नेपाल मगर सँघले ब्राह्मण पुरोहितलाई विस्थापित गर्ने, पुरोहितवादको नाममा मगरहरुलाई गरिएको धार्मिक शोषणको अन्त गर्ने अभियान ठिक हो । तर ब्राह्मण पुरोहितलाई विस्थापित गर्ने मात्र प्रर्याप्त होइन । धेरै जसो मगर समाजमा जरो गाडीसकेको पुरोहितलाई होइन पुरोहितवादलाई नै मगराँती संस्कृतिमा आधारित सँस्कारले विस्थापन गर्नु पर्दछ । उदाहरणको लागि हामी मगरहरुले ब्राह्मण पुरोहित राखी गरेको श्राद्धलाई लिन सकिन्छ । यसको कार्य भनेको पितृलाई स्वर्ग पुऱ्याउने नभई मरेका वुवाआमाहरुको सँझनागरी आफना सन्तानहरुले सम्मान गर्ने हो । यो सम्मान गर्ने प्रक्रिया मगर समाजमा आफ्नै प्रकारको छ । त्यसैले यस्ता मगराँती संस्कृतिमा आधारित तर्कपूर्ण विकल्प दिएमा मगरहरुले स्विकार्न सक्दछन् ।

## ७.६ सांस्कृतिक रुपान्तरणको लागि नेतृत्वलाई दयित्व सुम्पने

नेपाल मगर सँघ सामाजिक र स्वयमसेवक सँगठन (Social and Voluntary Organization) भएकोले यसको एकलो प्रयासबाट मात्र सांस्कृतिक रुपान्तरण गरी **सहस्राब्दीमा सम्मानित र समृद्ध मगर समाजको** निर्माण गर्न सकिदैन । यसको लागि नेपाल मगर सँघका विभिन्न तहका सँगठन र यसका भातृसँगठनहरुको संस्कृतिमा पनि रुपान्तरण हुनुपर्दछ । यसको लागि हरेक सँगठनमा सांस्कृतिक रुपान्तरण विभाग वा समितिको गठन गर्नुपर्दछ । नेपाल मगर सँघ केन्द्रिय समितिले नेतृत्वको भूमिका निर्वाह गर्नु पर्दछ र यसले समग्र कार्यक्रम वनाई हरेक तहका सँगठनको नेतृत्वलाई आवश्यक प्रशिक्षण दिई सांस्कृतिक रुपान्तरणको प्रक्रियाको शुरुआत गर्नु पर्दछ । नेतृत्वलाई दायित्व सुम्पदा यही नै गर्नुपर्दछ भनेर भन्नुहुदैन । सांस्कृतिक रुपान्तरण ठाँउगांउको आधारमा त्यहाँका स्थानिय नेतृत्व र  समाजको आधारमा गर्ने प्रयास गनुपर्दछ । माथिबाट लादिएको सांस्कृतिक रुपान्तरणको प्रयासले समाजमा विखण्डन ल्याउन सकछ र असफल हुने सँभावना बढी हुन्छ । नेतृत्व चाहे परिवारको होस, चाहे भेजाको होस, चाहे नेपाल मगर सँघको विभिन्न तहका सँगठनको होस, नेतृत्वको कार्य सम्पादन राम्रो हुनको लगि सम्बन्धित सँगठनले गर्नलागेको कार्यले जुन समाज वा समूहमा  यसका हरेक सदस्यहरु आबद्ध छन् त्यो समाजकोलागि योगदान हुन्छ भन्ने विश्वास हरेक सदस्यमा हुनु पर्दछ । हाम्रो समाजमा महिलाहरुको ठूलो भूमिका हुन्छ । त्यसमा पनि सांस्कृतिक रुपान्तरणमा त महिलाहरुको अहम भूमिका हुन्छ । त्यसैले स्थानिय तहमा महिलाहरुलाई प्रशिक्षित गरी सांस्कृतिक रुपान्तरणको दायित्व सुम्पनु पर्दछ ।

## ७.८ सांस्कृतिक रुपान्तरण सम्बन्धि सबै मगरहरुलाई जानकारी दिने

जति सुकै राम्रा कार्यक्रम वनाए तापनि यदि कार्यक्रम लक्षित वर्गमा नपुगेमा त्यस्को कुनै अर्थ हुदैन । त्यसैले नेपाल मगर सँघले यसले राखेको परिकल्पनाको वारेमा र यस परिकल्पनालाई साकार पार्नको लागि आवश्यक सन्देश सबै मगरहरुलाई विभिन्न माध्यमबाट पुर्‍याउनु पर्दछ । धेरै सन्देशहरु पुर्‍याउनु भन्दा सहस्राब्दीको पकिल्पनालाई साकार पार्न  सांस्कृतिक रुपान्तरणको लागि थोरै तर प्रभावकारी सन्देशहरु सबै  मगरहरुको घरघरमा पुर्‍याउनु पर्दछ । सन्देश सर्वसाधारण मगरले बुझ्न र बुझाउन सक्ने हुनुपर्दछ ।

### ७.९ सांस्कृतिक रुपान्तरणको कार्यक्रमको कार्यन्वयन

कार्यक्रम वनाएपछि त्यसको प्रभावकारी कार्यन्वयनको लागि सर्वप्रथम कार्यन्वयन गर्ने संयन्त्रको निर्माण हुनु पर्दछ । कार्यन्वयनको संयन्त्र भनेकै मगरहरुको औपचारिक र अनौचारिक सँगठनहरु नै हुन् । त्यसैले नेपाल मगर सँघले लुम्बिनी, गण्डकी, धौलागिरी, राप्ती र भेरी अञ्चलका मगर जनघनत्व भएका जिल्लाहरुका गा.वि.स., गाँउ गाँउ र टोलटोलमा प्रारम्भिक समितिको गठन गर्नुपर्दछ । ती प्रारम्भिक समितिका अगुवाहरु मार्फत ती सम्बन्धित गाँउ टोलमा भएको नेपाल मगर सँघको सहस्राब्दी परिकल्पना प्रतिकूल संस्कृतिको अध्ययन र विश्लेषण गर्नु पर्दछ । ती संस्कृतिहरुको प्रतिकूल प्रभावको वारेमा तिनीहरुलाई सचेत गराउनु पर्दछ । ती अगुवाहरु मार्फत गाँउ टोलमा परिवारका मुली र भेजाका अगुवाहरु मार्फत सबैमगरहरुमा सहस्राब्दीको परिकल्पनाको सन्देश र यसका प्रतिकूल संस्कृतिको वारेमा चेतना जगाउदै जानुपर्दछ । यसको शुरुआत सर्वप्रथमतः समाजका अगुवा र नेपाल मगर सँघका कार्यकर्ता र नेतृत्ववर्गबाट गर्नुपर्दछ । नेतृत्ववर्गले अहिलेको प्रबृत्ति–अरुलाई भन्ने तर आफुले नगर्ने–लाई छोड्नुपर्दछ । कार्यन्वयनमा गाँउ टोलमा प्रभावशाली मगरहरु र गैरमगरहरुको पनि सहयोग लिनुपर्दछ । गाँउघरका प्रभावशाली मगरहरु विशेष गरेर भूतपूर्वक सैनिकहरुलाई बढी मात्रामा परिचालन गर्नुपर्दछ ।

### ७.१० सांस्कृतिक रुपान्तरणको मूल्याङ्कन र अनुगमन

संस्कृति गतिशिल हुन्छ । एकपटक परिवर्तन भैसकेको संस्कृतिको पुनराबृत्ति पनि हुन सक्दछ । समाजमा परिवर्तनलाई नचाहाने र हृदय देखि नस्विकारी समाजको करबलले परिवर्तनलाई स्विकारेको पनि हुन सक्दछ । समाजका यस्ता व्यक्तिहरुले मौका परेको अवस्थामा पुरानै कुरालाई फर्काउन सक्दछन् । त्यसैले रुपान्तरित संस्कृति राम्ररी स्थापित नहुदा सम्म र त्यसको बिकृतिलाई रोक्नको लागि समाजका नेतृत्व वर्गले निरन्तर रुपमा मूल्याङ्कन र अनुगमन गरिराख्नु पर्दछ ।

## ८ निचोडमा

सहस्राब्दी परिकल्पनालाई साकार पार्नको लागि सर्वप्रथमतः हाम्रो संस्कृतिमा रुपान्तरण हुन आवश्यक छ । हाम्रो संस्कृतिमा रुपान्तरण हुनको लागि नेपाल मगर सँघले स्वयम आफ्नै संस्कृतिको रुपान्तरण गरी सर्वसाधारण मगरहरुको संस्कृतिमा परिवर्तन ल्याउनु पर्दछ । सर्वसाधारण मगरहरुको संस्कृतिमा परिवर्तन आएमात्र भविष्यमा सम्मानित र समृद्ध मगर समाजको निर्माण हुन सक्दछ । सर्वसाधारण मगरहरुको संस्कृतिलाई छुने किसिमको परिवर्तत विना सम्मानित र समृद्धि मगर समाजको कल्पना गर्न सकिदैन ।